# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः७** **संख्याः** **मितिः२०८०/१२/१५**

## भाग २

## राप्ती गाउँपालिका, दाङ

**कार्यपालिकाबाट स्वीकृतः२०८०/१२/१५**

# निजि जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्रिवितरण व्यवस्थित गर्ने कार्यविधि,२०८०

**प्रस्तावनाः** रासी गाउँपालिका भित्र निजि तथा जग्गाहरूलाई आवास, कृषि,गैरकृषि,व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवास्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने ढुङ्गा,गिट्टी,बालुवा माटो,चट्टान,स्लेट जस्ता खानीजन्य पदार्थको उत्खनन् संङ्कलन तथा विक्रिवितरण कार्यलाई नियमन एवम् व्यवस्थितति गर्न रासी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रासी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

गाउँ कार्यपालिकाको मिति २०८० चैत्र १५ गतेको बैठकबाट स्वीकृत।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम-" निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्रि वितरण व्यवस्थित गर्ने कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि रासी गाउँपालिका क्षेत्रभर लागू हुने छ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "खानीजन्य पदार्थ"** भन्नाले भूभर्ग वा भूसतहमा रहेको ढुङ्गा,गिट्टी,बालुवा,चिप्स,ग्राभेल,पुरुवा माटो,चट्टान,स्लेट आदि पदार्थ सम्झनुपर्छ।

**(ख) "कार्यालय"** भन्नाले रासी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

**(ग) "अनुगमन समिति"** भन्नाले रासी गाउँपालिकाको पालिका स्तरीय अनुगमन समितिलाई सम्झनुपर्छ।

**(घ) "गाउँपालिका"** भन्नाले रासी गाउँपालिकालाई सम्झनुपर्छ।

**(ङ) "कार्यविधि"** भन्नाले निजि जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् संङ्कलन तथा बिक्रिवितरण व्यवस्थित गर्ने कार्यविधि,२०८० लाई सम्झनुपर्छ।

**(च) "उत्खनन्"** भन्नाले भूसतहमा आउने परिवर्तनको कारणले वातावरणमा प्रतिकुल प्रभाव नपार्ने गरी भूगर्भमा रहेको पदार्थ झिक्ने कार्य सम्झनुपर्छ।

**(ज) "इजाजत पत्र"** भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त इजाजत पत्र सम्झनुपर्छ।

**(झ) "शुल्क वा दस्तुर"** भन्नाले गाउँपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनुपर्छ।

**(ञ) "चलानपूर्जा"** भन्नाले संकलन वा उत्खननबाट निस्केका खानीजन्य पदार्थ तोकिएको स्थानमा लैजान गाउँपालिकाबाट इजाजत प्राप्त व्यक्तिले परिमाण तथा ढुवानी साधनको नम्बर तथा मिति खुलाई जारी गरेको कागजात सम्झनुपर्छ।

**३. इजाजत लिनुपर्नेः** यस कार्यविधि बमोजिम गाउँपालिकाबाट इजाजत नलिई कुनैपनि संस्था वा व्यक्तिले आफ्नो स्वामित्वमा रहेको जग्गाको सतह वा भूगर्भमा रहेका ढुङ्गा,गिट्टी,बालुवा,चिप्स,ग्राभल,माटो,चट्टान,स्लेट आदि पदार्थ उत्खनन् वा संकलन गर्न पाउने छैन।

**४. जरिवाना लाग्नेः** गाउँपालिकाबाट इजाजत नलाई उत्खनन् वा संकलन गरेको पाईएमा गाउँपालिकाले सामान जफत गरी आर्थिक ऐन बमोजिम जरिवाना गर्नेछ।

## परिच्छेद-२
## इजाजत प्रक्रिया

**५. इजाजत लिनुपर्नेः** गाउँपालिकाको क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनीले भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी देहायका कार्य गर्दा गराउँदा गाउँपालिकाको कार्यालयबाट इजाजत लिनु पर्नेछः

(क) मेशिनरी उपकरण प्रयोग गरी वा नगरी जमिन उत्खनन् गरी खेतियोग्य वा भवन निर्माण योग्य बनाउने कार्य।

(ख) जमिन सतहमा वा जमिनको पींधमा रहेका खानीजन्य पदार्थहरु संकलन गर्ने कार्य।

(ग) पोखरी निर्माण गर्ने कार्य।

(घ) इट्टा वा टायल निर्माणको लागि माटो झिक्ने कार्य।

(ङ) उत्खनन् बाट निस्कने साधारण खानीजन्य पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्ने कार्य।

तर, हाते औजारको प्रयोग गरी आफ्नो स्वामित्वमा रहेको जमीन खनी निस्कने माटो सोही वडामा रहेको आफ्नै जग्गामा लैजानका लागि इजाजत लिनुपर्ने छैन।

**६. इजाजतका लागि निवेदन दिने:** (१) निजी स्वामित्वमा रहेका जग्गाबाट खानीजन्य पदार्थ संकलन,उत्खनन् तथा ओसार पसारको लागि देहाय बमोजिमको कागजात संकलन राखी अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा इजाजतका लागि निवेदन दिनु पर्नेछः

(क) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी

(ख) नेपाली नागरिकताको प्रतिलिपी

(ग) सम्बन्धित वडाबाट चारकिल्ला सहितको सिफारिस पत्र

(घ) जग्गाको भूमिकर (मालपोत) तिरेको रसिदको प्रतिलिपी

(ङ) जग्गाको कित्तानम्बर खुलेको नापीनक्साको प्रतिलिपी

(च) उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका संधियारहरुका जग्गाधनीको सहमति।

(छ) गाउँपालिकाबाट स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (५ कट्ठा क्षेत्रफल अथवा २५०० घ.मि. भन्दा कम परिमाण उत्खनन् हुन सक्ने निजी जग्गा व्यवस्थापन गर्दा अनिवार्य नहुने)

(२) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी अन्य विधि तथा प्रक्रिया यसै गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ मा गरिएको व्यवस्था बमोजिम हुनेछ।

(३) कृषि योग्य जमिन चक्लावन्दी गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक नपर्ने तर जमिन चक्लावन्दी गरि उत्खनन् भएका खानीजन्य पदार्थहरुको बिक्रिवितरण गर्दा यसै कार्यविधिले तोके बमोजिम हुने।

**७. इजाजत प्रदान गर्ने विधिः** दफा ६ को उपदफा (१) बमोजिम रितपूर्वकको निबेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरी कागजात प्राप्त भएको मितिले ७(सात) दिनभित्र इजाजत दिन सक्नेछः

(क) निवेदन उपर प्रारम्भिक छानविन गरी जग्गाधनीको सनाखत गर्ने।

(ख) सामाजिक तथा वातावरणीय पक्षको प्रारम्भिक लेखाजोखाको लागि वडा समितिको अध्यक्ष वा सदस्यको रोहबरमा संधियार तथा छिमेकीहरुको भेला गराई **अनुसूची-२** बमोजिमको ढाँचामा कार्यालयले तोकेको प्राविधिक कर्मचारीले प्रतिवेदन तयार गरी पेश गर्ने।

(ग) निजी जग्गाबाट खानीजन्य पदार्थको उत्खनन् कार्यमा प्रयोग हुने यान्त्रिक उपकरण संचालन अनुमतिका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व बुझाउनु पर्ने।

(घ) जग्गाधनीले उत्खनन् गर्दा निस्केको खानीजन्य पदार्थको कुल परिणाम यकिन गरी **अनुसूची-३** बमोजिमको दरमा गाउँपालिकामा राजश्व बुझाउने।

(ङ) खण्ड (ग) र (घ) मा तोके बमोजिमको राजश्व दाखिला भई सकेपछि उत्खनन् वा संकलन गर्ने परिणाम,उत्खनन् तथा ओसार पसारमा प्रयोग हुने उपकरण तथा ढुवानी साधनको विवरण र अवधि तोकी संकलन वा उत्खनन् कार्यको लागि एक आर्थिक बर्ष नबढ्ने गरी कार्यालयले इजाजत दिन सक्नेछ।

**८. शुल्क तथा धरौटीः** (१) निजी जग्गा व्यवस्थापन गर्न इजाजत पत्रका लागि निबेदन दिँदा आर्थिक ऐनले तोके बमोजिम दस्तुर बुझाउनुपर्नेछ ।

(२) दफा ७ को खण्ड (ङ) बमोजिम इजाजत प्रदान गर्दा सोही दफाको खण्ड (घ) बमोजिम दाखिला गरेको कुल राजश्व रकमको १० (दश) प्रतिशतले हुन आउने रकम धरौटी राख्नु पर्नेछ।

**९. म्याद थप गर्न सकिनेः** (१) जग्गा धनीले मनासिव कारण देखाई तोकिएको अवधिभित्र तोकिएको परिणाममा उत्खनन् तथा ओसार पसार गर्न नसकेमा म्यादथपको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले भए गरेको कामको नापजाँच गरी प्रतिवेदन पेश गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(३) प्राविधिक कर्मचारीले दिएको प्रतिवेदन तथा वडा समितिको सिफारिसको आधारमा माग भई आएको कारण मनासिब देखिए बाँकी रहेको कार्यसम्पादन गर्न कार्यालयले म्याद थप गर्न सक्नेछ।

तर, एक आर्थिक बर्ष बढ्ने गरी म्यादथप गर्न पाईने छैन।

**१०. विवरण हेरफेर गर्न सकिनेः** खानीजन्य पदार्थको संकलन,उत्खनन् तथा ओसार पसारका लागि इजाजत पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा ढुवानी साधनको विवरण परिवर्तनको लागि माग भई आएमा आवश्यकता र औचित्ययताका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ।

## परिच्छेद ३

## उत्खननका लागि शर्त तथा मापदण्ड

**११. उत्खनन् का लागि शर्त तथा मापदण्डः** उत्खनन् का लागि इजागत प्राप्त व्यक्तीले प्रस्तावित स्थानमा उत्खनन् गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछः

(क) उत्खनन् इजाजत पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा ढुवानीका साधनको मात्र प्रयोग गर्नुपर्नेछ।

(ख) पोखरी निर्माणको हकमा बढिमा ६ फिट गहिराइ सम्म मात्र उत्खनन् गर्नु पर्नेछ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन् गर्नु पर्नेछ।

(घ) डाँडा खोल्सा मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उचोभागलाई हटाउने सम्मको परमाणसम्म उत्खनन् गर्नु पर्नेछ।

(ङ) ढुङ्गा,ग्रेग्रान,गिट्टी,बालुवा हटाई जमिन सुधार गर्न वा खेतीयोग्य बनाउन प्राविधिक नापजाँच भएको परिणाम मात्र हटाउनु पर्नेछ र शर्त उल्लंघन गरी खाडल पुर्नुपर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित जग्गाधनीले गर्नु पर्नेछ।

(च) उत्खनन् कार्य बिहान सूर्योदय देखिबाट बेलुका सूर्यास्तसम्म मात्र गर्नु पर्नेछ।

**१२. इजाजत दिन नसकिने:** देहायको अवस्था र जग्गाबाट खानीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्न इजाजत दिईने छैनः

(क) सरकारी पर्ती जग्गा,वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रही भोगाधिकार मात्र प्राप्त भएको जग्गा।

(ख) पर्यटन स्थलको प्रभाव क्षेत्र भित्रको जग्गा।

(ग) नदी,वन र अन्य किसिमको सार्वजनिक जग्गा।

(घ) कुनै जग्गा प्रस्तावित उत्खनन् ले कुनै प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिबेदनले औंल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा।

(ङ) खानीजन्य पदार्थ उत्खनन् गर्न निषेध भएको जग्गा।

(च) रुख कटान गरी उत्खनन् गर्नुपर्ने जग्गा।

(छ) कार्यालयबाट भएको सामाजिक तथा वातावरणीय लेखा जोखाले अनुपयुक्त देखाएको जग्गा।

**१३. ओसारपसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्डहरुः** इजाजत लिई संकलन वा उत्खनन् बाट निस्केका खानीजन्य पदार्थहरु अन्यत्र ओसारपसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछः

(क) उत्खनन् स्थलबाट अन्यत्र ओसारपसार गरिने पदार्थहरुको उत्खनन् कर्ताले पटके चलानपूर्जा जारी गरी सोको अभिलेख तोकिएको ढाँचामा राखु पर्नेछ।चलानपूर्जा तथा खाताको नमुना गाउँपालिकाबाट लिई खानिजन्य पदार्थ संकलन वा उत्खननकर्ता स्वयंमले छपाई गर्नु पर्नेछ।

(ख) खानीजन्य पदार्थको संकलन तथा उत्खनन् कार्य सम्पन्न भएपछि चलानपूर्जाको एक प्रति र सोको परिणाम खुल्ने तेरिज तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(ग) पदार्थ ढुवानी गर्ने सावारीले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्नेछ।

(घ) ओसारपसार गर्ने भित्रि बाटोहरुमा क्षति भएमा सोको मर्मत सम्भार उत्खनन् कर्ताले गर्नु पर्नेछ।

(ङ) स्थानीय नागरिकहरुबाट भएको उत्खनन् तथा ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खनन् कर्ताले गर्नु पर्नेछ।

(च) ओसारपसारका लागि लोड भएको ढुवानी साधन भित्रि सडक किनारामा रोकी राख्न पाईने छैन।

**१४. धरौटी फिर्ताः** जग्गाधनीले दफा १३ को (ख) बमोजिमको चलानपूर्जा तथा तेरिज पेश गरेको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयले जाँचबुझ गरी दफा ८ को उपदफा (२) बमोजिमको धरौटी फिर्ता दिनु पर्नेछ।

## परिच्छेद ४

## कार्यविधि पालना गर्ने गराउने सम्बन्धी व्यवस्था

**१५. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत अनुसार खानिजन्य पदार्थको संकलन,उत्खनन् तथा ओसारपसार सम्बन्धी भएका काम-कारवाहीको अनुगमन गर्न देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ।

(क) गाउँपालिकाबाट गरिने अनुगमनः गाउँपालिकाको उपाध्यक्ष संयोजक रहेको अनुगमन तथा सुपरिवेक्षण समितिले खानिजन्य पदार्थको संकलन,उत्खनन् तथा ओसारपसार कार्यको अनुगमन गरी निर्देशन दिन सक्नेछ।

(ख) कार्यालयबाट गरिने अनुगमनः इजाजत प्रदान गरी सकेपछि सम्बन्धित वडा अध्यक्ष तथा कार्यालयले तोकेको कर्मचारीबाट संयुक्त रुपमा कार्य प्रारम्भ गर्न लगाउने र कार्य प्रारम्भ

भईसकेपछि महिनामा १(एक) पटक र कार्य सम्पन्न भई सकेपछि अनुगमन तथा मूल्याङकन गर्नुपर्नेछ। यसरी गरिएको अनुगमनको आधारमा गाउँपालिकामा प्रतिवेदन पेश गर्ने दायित्व अनुगमनको लागि तोकिएको सम्बन्धित कर्मचारीको हुनेछ।

(ग) नेपाल प्रहरीबाट गरिने अनुगमनः उत्खनन् तथा ओसारपसार कार्यको इजाजत प्रदान भैसके पछि स्थानीय प्रहरीले इजाजतका शर्त पालना भए नभएको अनुगमन गर्न सक्नेछ। यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाईएमा उल्लंघनकर्ता र उल्लंघनमा संलग्न ढुवानी साधनलाई समेत नियन्त्रण लिई कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

**१६. <u>शर्त उल्लंघन गर्ने उपर कारवाहीः</u>** खानीजन्य पदार्थ संकलन, उत्खनन् र ओसारपसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाईएमा त्यस्तो उत्खनन् कर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम कारवाही हुनेछ।

(क) तोकिएको स्थानमा बाहेक अन्यन्त्र खानीजन्य पदार्थ संकलन वा उत्खनन गरेमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोके बमोजिम जरिवाना असुल गरिनेछ।

(ख) स्वीकृत भएको परिणाम र गहिराई भन्दा बढी संकलन वा उत्खनन् गरेको पाइएमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोके बमोजिम जरिवाना लिई उत्खनन् गरेको स्थानको खाडल पुर्न लगाईनेछ।

(ग) इजाजतमा तिकिएको साधन बाहेक अन्य साधनबाट उत्खनन् तथा ओसारपसार गरेमा वा यस कार्यविधिको दफा १८ बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने जग्गाधनीको इजाजतपत्र तत्कालै खारेज गरिनेछ।

**१७. <u>धरौटीबाट असुल उपर गर्न सक्नेः</u>** दफा १६ बमोजिमको कारबाहीबाट निर्धारित जरिवाना सम्बन्धित जग्गा धनीले नबुझएमा वा निजले पूरा गर्नुपर्ने कुनै दायित्व पूरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ।

**१८. <u>निर्देशन पालना गर्नुपर्नेः</u>** खानीजन्य पदार्थको संकलन,उत्खनन् तथा ओसारपसार कार्यको इजाजत प्राप्त व्याक्ति वा संस्थाले प्राप्त गरेको इजाजत पत्रमा उल्लेख भएको शर्तका अतिरिक्त अनुगमन पश्चात् कार्यालयले लिएको थप निर्देशन पालना गर्नु सम्बन्धित जग्गाधनीको कर्तव्य हुनेछ।

**१९. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरामा तात्विक असर नपर्ने गरी मात्र गर्न सकिनेछ।

**२०. बचाउः** यस कार्यविधिमा लेखिएका कुरा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची-१**

**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

## निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्रिवितरणको लागि गाउँपालिकामा दिने निवेदनको ढाँचा

मितिः

विषयः निजी जग्गाबाट संकलन तथा उत्खनन् बाट निस्केका खानीजन्य पदार्थ ओसारपसारको लागि इजाजत सम्बन्धमा।

श्रीमान् अध्यक्ष ज्यू,
राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया दे, दाङ
लुम्बिनी प्रदेश,नेपाल

मेरो नाममा दर्ता कायम रहेको जिला दाङ, साविक................. गा.वि.स वडा नं.......स्थित कि.नं.......... को क्षेत्रफल .............मा .......................कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन् गर्ने इजाजत पाउन सादर अनुरोध गर्दछु।उत्खनन् बाट निस्केका पदार्थहरु अन्यत्र ओसारपसार गर्ने\नगर्ने भएकोले नियमानुसार दस्तुर लिई इजाजत पाउन अनुरोध गर्दछु।तपशिल बमोजिमका कागजातहरु यसै निवेदन साथ संलग्न रहेका छन्।

**तपशिल,**

(क) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी

(ख) नेपाली नागरिताको प्रतिलिपी

(ग) वडाको चारकिल्ला सहितको सिफारिस पत्र

(घ) जग्गाको भूमिकर (मालपोत) तिरेको रसिदको प्रतिलिपी

(ङ) जग्गाको कित्तानम्बर खुलेको नापीनक्साको प्रतिलिपी

(च) उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका संधियारहरुका जग्गाधनीको सहमति।

**निवेदकः**

नाम, थरः-

ठेगानाः-

दस्तखतः-

मोबाईल\फोन नं.

**अनुसूची-२**
**(दफा ७ (ख) सँग सम्बन्धित)**
**स्थलगत रूपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फारम**

श्रीमान् अध्यक्ष ज्यू,
राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया दे, दाङ
लुम्बिनी प्रदेश,नेपाल

निजी जग्गामा उपकरणको प्रयो गरी वा नगरी निजी जग्गामा पोखरी निर्माण गर्ने\खेती योग्य बनाउने\भवन निर्माण कार्य गर्न जग्गाको सतह वा भूगर्भमा रहेको खानीजन्य पदार्थको संकलन,उत्खनन् तथा ओसारपसार कार्यका लागि प्रारम्भिक चरणमा स्थलगत रुपमा गरिएको सम्भाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन।

**१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरिएको प्रमाणीकरणः**

(क) निवेदक जग्गाधनीको नाम, थरः
(ख) सम्पर्क नम्बरः
(ग) ठेगानाः
(घ) खेती योग्य बनाउने व पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्न प्रस्तावित स्थानको ठेगानाः
(ङ) प्रस्तावित जग्गाको कि.नं...............क्षेत्रफल..............
(च) गाउँपालिकाको वडा नं.........को सिफारिस मिति...................च.नं..............
(छ) खेती योग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन् गर्नुपर्नाको कारण ( निवेदनको भनाई)

.............. ...... ............ ........... .......... ........... ................ .............. ......... .... .........

(ज) खेती योग्य बनाउने वा पोखरी निर्माण गर्ने वाभवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन् कार्यको लागि संधियार र छर छिमेकीको भनाई\रायः

.. ..... .......  ........... ...... ....... .... ..... ........... ........ ............. ............ ..... ......
...  ...... .. ....  ...

(झ) खेती योग्य बनाउने वा पोखरी निर्माण गर्ने वाभवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन् सम्बन्धमा प्राविधिक कर्मचारीको रायः

......... ............. ............. .............. ............... ............. .............  .............
..........

उल्लेखित विवरण मैले संम्बन्धित कार्यस्थलमा गई सत्यतथ्य बुझी पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भनी सही गर्नेः

दस्तखत

कर्मचारीको नाम,थरः_

पदः-

मितिः

**२. प्राविधिक लेखाजोखा सम्बन्धि राखिएको प्रमाणीकरणः**

(क) खेती योग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन तथा उत्खनन् गर्ने प्रस्तावित स्थानको क्षेत्रफलः

(ख) प्रस्तावित स्थानको औसत लम्बाई.............चौडाई................उचाई..............

(ग) संकलन तथा उत्खनन् गर्दा निस्कने सबै पदार्थको अनुमानित कुल परिणामः................

(घ) प्रस्तावित स्थानबाट हटाउन पर्ने वा ओसारपसार हुनसक्ने खानिजन्य पदार्थको अनुमानित परिणामः

१. ढुङ्गा वा गिट्टी वा बालुवा वा चिप्सः

२. ग्राभेल

३. माटोः

४. चट्टान वा स्लेटः

(ङ) प्रस्तावित स्थानवाट संकलन ,उत्खनन् र ओसारपसार गर्ने औजार तथा ढुवानी साधनः

१. दैनिक ओसारपसार हुन सक्ने अनुमानित परिमाणः

२. ओसरपसार गरी लैजाने सम्भावित स्थानहरुः

३. उत्खनन् वा संकलन गर्न प्रयोग गरिने मेसिनरी औजारहरुको विवबरणः

४. ओसारपसारमा प्रयोग हुने ढुवानी साधनहरु र संख्याः

(च) उत्खनन् कार्य सम्पन्न हुने प्रस्तावित मितिः

(छ) कार्य सम्पन्न भएपछि निरीक्षण गराउने मितिः

उल्लेखित सबै विवरण गाउँपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नापजाँच तथा सोधपुछ गरी भरेका हुन् भनी सही गर्नेः

दस्तखतः

जग्गाधनीको नाम,थरः

मितिः

उल्लेखित सबै विवरणहरु मैले सम्बन्धित स्थालमा गई जग्गाधनीको रोहवरमा तयार गरेको हुँ, सबै विवरणहरु सही सत्य भनी सही गर्नेः

दस्तखतः

कर्मचारीको नाम,थरः

मितिः

**३. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणीकरणः**

(क) खेती योग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्ने जग्गाको चार किल्लाका संधियारहरुको विवरण र मन्जुरीः

हाम्रो जग्गाको साँधसिमानामा रहेको जग्गाधनी श्री. ............................... को जग्गामा निजले ...................कार्य गर्ने प्रस्ताव गरेका कुरा थाहा भयो। निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपशिलका जग्गा धनीहरुलाई कुनै आपत्ति छैन भनि गाउँपालिकाका वडा नं.......का वडा अध्यक्ष\सदस्य श्री. .................................को रोहवरमा मन्जुरी गरी दस्तखत गरिदिऔं।

चारकिल्लामा जग्गाधनीको नाम ,थर, दस्तखतः

पूर्व श्री. ................................................

पश्चिम श्री. .............................................

उत्तर श्री. ..............................................

दक्षिण श्री. ............................................

साक्षीहरूः

१.

२.

३.

(ख) संकलक वा उत्खनन् भै निस्केका पदार्थहरु ओसारपसार गरी लैजाने भित्रि सडकहरुको नामः

(ग) उक्त सडकको वरिपरि बस्ने स्थानिय बासिन्दाहरुको प्रतिक्रियाः

..........................................................................................

(घ) ओसारपसारका क्रममा पर्न सक्ने वातावरणीय असरहरुः

..........................................................................................

(ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनुपर्ने सावधानीहरूः

...................... ......... .......................... ................... ........

प्रस्तावित खेतियोग्य बनाउने व पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्न खानीजन्य पदार्थको संकलन वा उत्खनन् गर्ने क्षेत्र वा सिमाना पानीको मुहान,रूख,बिरूवा,नदी,ताल,सांस्कृतिक वा पुरातात्विक सम्पदा,वन,सार्वजनिक जग्गा वा अन्य यस्तै संरक्षित वा संवेदनशील क्षेत्र पर्ने वा नपर्ने( पर्नेभए के कस्तो हो विस्तृतमा उल्लेख गर्ने)।

....... ......... ........... ............................. ............. ............. ................. ..........
......

स्थलगत अध्ययन गरी सबै विवरण ठिक भएकोले .................................गर्न इजाजत दिन उपयुक्त छ भनि सिफारिस गर्ने

दस्तखतः

कर्मचारीको नाम,थरः

पदः

मितिः

**४. सम्बन्धित शाखा प्रमुखको रायः**

स्थलगत अध्ययन विवरण र प्राविधिक नापजाँचका आधारमा...........................इजाजत दिन मनासिव भइकोले सिफारिस गर्दछु।

दस्तखतः

शाखा प्रमुखको नाम,थरः

पदः

मितिः

**५. राजश्व शाखाको रायः**

राजश्व निर्धारणः.................

राजश्व बुझाएको विवरणः...................

नगदी रसिद नं. ...........................

धरौटी बुझाएको विवरणः

धरौटी रसिद नं.

दस्तखतः

शाखा प्रमुखको नाम,थरः

मितिः

६. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी.............प्रयोजनका लागि खानीजन्य पदार्थ संकलन वा उत्खनन् गर्न स्वीकृत दिने अधिकारीकोः

दस्तखतः

नाम,थरः

पदः

मितिः

**अनुसूची-३**

**(दफा ७ (घ) सँग सम्बन्धित)**

**निजि जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्रिवितरण गर्दा लाग्ने राजश्वको दररेट**

| **क्र.सं.** | **प्राकृतिक स्रोत साधनको विवरण** | **दररेट** |
|---|---|---|
| १ | ढुङ्गा ,गिट्टी ,बालुवा प्रति घ.मि. | रू. २८३\- |
| २ | साधारण माटो प्रति घ.मि | रू. १०६\- |
| ३ | ईटा पार्ने माटो प्रति घ.मि | रू. १४२\- |

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०\१२**

**प्रमाणीकरण मितिः २०८०\१२**

**प्रमाणीकरण गर्ने पदाधिकारीः प्रकाश बिष्ट अध्यक्ष**